



# हाम्रो अभियान

## गण्डकी प्रदेश सरकारको कोरोना विरुद्धको अभियान

# साप्ताहिक समाचारपत्रिका

बैशाख २१ गते आईतबार
अंक ८
वर्ष २


**मिति २०७७/१/१५ गते.......**

गण्डकी प्रदेशको मुख्य मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङज्यूले संघीय मन्त्रालयबाट अस्पताल सुदृढिकरणको लागी प्राप्त विशेष अनुदान रु. ३३ करोड रकम खर्चमा प्रभावकारिता ल्याउन निर्देशन दिनुभयो । उक्त कार्यक्रममा माननीय मुख्यमत्री पृथ्वी सुब्बा गुरुङज्यू, सामजिक विकास मन्त्री माननीय नरदेवी पुन मगरज्यू, प्रमुख सचिवज्यू, सामाजिक विकास सचिवज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, मन्त्रालयका महाशाखा प्रमुखज्यूहरु लगायत उपस्थित हुनुहुन्थ्यो । छलफल कार्यक्रममा गण्डकी प्रदेशका विभिन्न जिल्लाहरुमा ICCU सेवा विस्तार गर्नका लागि सामग्री र जनशक्ति व्यवस्थापनका लागि अल्पकालीन र दीर्घकालीन कार्ययोजना बनाई अघि बढ्ने विषयमा समेत छलफल भएको थियो ।

स्वास्थ्य सेवा विभाग अन्तर्गत IHMIS शाखाका प्रमुख बद्रिनाथ ज्ञवालीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागले DHIS2 को online reporting system मा Covid-19 संग सम्बन्धित तथ्यांकहरु, स्थानीय तह तथा स्वास्थ्य संस्थाबाट Data Entry APP (HMIS Service Utilization Reporting) को बारेमा स्वास्थ्य निर्देशनालयमा जानकारी गराउनु भयो । साथै सो सम्बन्धी जानकारी ११ वटै स्वास्थ्य कार्यालयमा ईमेल मार्फत गराइयो ।



स्वास्थ्य कार्यालय, गोरखामा कोरोना भाइरस COVID-19 सम्बन्धी वर्तमान अवस्थाको बारेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट आउनु भएका उपचारात्मक सेवा महाशाखाका प्रमुख डा। तारा पोखेलज्यू , उहाँको टिम र स्वास्थ्य कार्यालय परिवारले हालसम्म गरेको कार्यप्रगतिको समीक्षा गरेको छ ।



६ वटा प्रदेश सभा सचिवालय (प्रदेश नं १, बाग्मती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेश) का श्रीमान सचिवज्यूहरुको सहभागितामा प्रदेश सभा तथा सचिबालयको संगठनात्मक स्वरुप, स्थापना कालदेखि हालसम्मका प्रमुख उपलब्धिहरु, साझा हितका विषय तथा वर्तमान कोभिड १९ को सम्बन्धमा प्रदेश सभाले खेल्नु पर्ने भूमिकाका विषयमा Video Conference (VC) मार्फत छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो ।

**मिति २०७७/१/१६ गते.......**

गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषद्को आज बसेको बैठकले प्रदेशमा कोभिड ( १९ र स्वास्थ्य सेवा प्रवाह संग सम्बन्धित विभिन्न निर्णयहरु गरेको छ ।

-निम्न आयोजनाहरु निर्माण गर्नका निम्ति शसर्त अनुदानका लागि नेपाल सरकारसंग अनुरोध गर्ने ।

बाँकी पृष्ठ २ मा......................

**विदेशबाट घर फर्किएकाहरु अनिबार्य रुपमा पालना गर्न पर्ने नियमहरु :**

विदेशबाट घर फर्किएकाहरु अनिबार्य रुपमा घरमै होमसेल्फ क्वारेन्टाईनुमा बसौं । होम क्वारेन्टाईनमा बस्दा निम्न कुराहरु अनिबार्य पालना गरौं ।

क) पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्ने र यो सम्भव नभएमा छुट्टै ओछ्यानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दुरी राख्ने ।

ख) आफु बस्ने कोठा आफै सफा गर्ने ।

ग) स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर नजाने ।

घ) निय मित रुपमा आफ्नो हात साबुन पानीले मिचिमिची धुने, वा हात सफा राख्न अल्कोहलयुक्त हेन्ड सेनिटाईजर प्रयोग गर्ने । हात नधोई आँखा, नाक र मुख छुन बाट जोगिने ।

ङ) अन्य व्यक्तिहरुसंग प्रत्यक्ष सम्पर्क नगर्ने । यदि अन्य व्यक्तिहरुसंगको सम्पर्कमा आउनु पर्दा, कम्तिमा १ मिटरको दुरी राख्ने र यदि अर्को व्यक्तिसंग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउने । खोक्दा वा हाछ्यु गर्दा आफ्नो मुख र नाकलाई टिस्यु पेपर, रुमाल वा कुहिनोले छोप्ने ।




**गण्डकी प्रदेशका विभिन्न स्थानहरुमा डेंगु रोगको संक्रमण देखिन थालेको हुनाले घर वरिपरिका पानी जमेका खाल्डाखुल्डी पुरौं । सरसफाई ध्यान दिऔं ।**

- सरुवा तथा संक्रामक रोग नियन्त्रण अस्पताल निर्माण आयोजना ।
- प्रदेश स्तरीय शिक्षण अस्पताल निर्माण आयोजना ।
-कोरोना भाइरस संक्रमित विरामीको प्रत्यक्ष उपचारमा संलग्न चिकित्सक, नर्स र अन्य सम्पूर्ण कर्मचारीलाई खाइपाई आएको शुरुको भत्ता बराबर शतप्रतिशत जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरेको छ ।
- संक्रमित व्यक्तिको उपचारमा संलग्न व्यक्तिलाई रु. ३० लाख बराबरको जीवन विमा सुविधा उपलब्ध गराउने र उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च प्रदेश सरकारले व्यहोर्ने निर्णय गरेको छ ।
- गण्डकी प्रदेश स्वास्थ्य विमा संयोजन समिति गठन गरेको छ ।
- गण्डकी प्रदेशका ११ वटा जिल्लामा सघन उपचार कक्ष (ICU WARD) निर्माण गर्नका लागि बजेटको व्यवस्था गरेको छ ।



कोभिड - १९ डेडीकेटेड अस्पतालहरुको तयारी तथा Clinical Management मूल्यांकन सुदृढिकरण गर्न का लागि विश्व स्वास्थ्य संगठनको प्राविधिक सहयोगमा तयार गरिएको Assessment Tool को अभिमुखीकरण कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, सामाजिक विकास मन्त्रालयका नीति, कानुन, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखाका प्रमुख शम्भु ज्ञवालीज्यू,स्वास्थ्य निर्देशनालयबाट नवराज शर्मा र ऋषिराम पौडेल, विश्व स्वास्थ्य संगठनका डा राजीव लालचन र डा. रामु शर्माको उपस्थिति रहेको थियो ।

हेलो डाक्टर
१०९२



लक्ष्मी बैंकमा कार्यरत कर्मचारीहरुले Laxmi Cares नामक संस्था मार्फत पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालालाई PPE / N95 मास्क प्रदान गरेको छ । हस्तान्तरण कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, प्रयोगशालाका कन्सल्टेन्ट प्याथोलोजिस्ट डा. मोनी सुवेदीज्यू, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निमित्त निर्देशकज्यू, प्रयोगशाला व्यवस्थापन समितिका संयोजक डा. डुक बहादुर क्षेत्रिज्यू, प्रयोगशालाका प्राविधिक शंकर भण्डारी लगायत उपस्थित हुनुहुन्थ्यो ।



गण्डकी प्रदेशका ११ वटै जिल्लाका आयुर्वेद स्वास्थ्य केन्द्रसंग स्वाथ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यूले भिडियो कन्फ्रेन्समार्फत कोभिड - १९ सम्बन्धि क्रियाकलापहरुको बारेमा जानकारी लिदै आवश्यक निर्देशन प्रदान गर्नुभएको छ । उहाँले सो क्रममा विशेष अनुदान स्वरूप प्रदान गरिएको रकमको खर्च र आगामी कार्ययोजनाको बारेमा जिज्ञासा राख्नु भएको थियो । उक्त बैठकमा स्वास्थ्य निर्देशनालयबाट निर्देशक डा. विनोद विन्दु शर्मा सहित व.क.नि. नवीन किरण भुसाल र निक साइमन्स इन्स्टिच्युटका सुरज श्रेष्ठ पनि उपस्थित हुनुहुन्थ्यो ।

मनाङ र म्याग्दीमा कोभिड - १९ संकास्पद र संक्रमित व्यक्तिलाई ओसारपसार गर्ने एम्बुलेन्समा पार्टीसन गरिएको छ । एम्बुलेन्स चालकलाई सम्भावित संक्रमण नहोस भन्ने उद्देश्यले पार्टिसन गरिएको हो । गण्डकी प्रदेशका अन्य जिल्लाहरुमा समेत एम्बुलेन्स पार्टिसन गर्ने काम भैरहेको छ ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका शाखा अधिकृत, क्षयरकुष्ठ निरिक्षक तथा क्षेत्रिय क्षयरोग केन्द्रका प्रतिनिधिहरुले आज तनहुँ र लमजुङको समन्वयात्मक भ्रमण गर्नुभएको छ । कोभिड(१९ को समयमा क्षयरोगको जाँच तथा उपचारमा कुनै कठिनाई नहोस र क्षयरोगका बिरामीलाई औषधीको कमी नहोस भन्दै क्षयरोगको औषधी र प्रयोगशालाको रिएजेन्ट लमजुङ तनहुँ र गोरखामा पुरयाईएको हो । त्यसैगरी अस्पताल र स्वास्थ्य कार्यालयमा कोभिड १९ को एप र प्रतिवेदन तथा बजेट सम्बन्धि छलफल पनि सम्पन्न भयो ।



गण्डकी प्रदेशमा क्षयरोगको उपचार औषधि तथा सामाग्रीहरु अवस्था समस्या तथा चुनौतीको बारेमा राष्ट्रिय क्षयरोग केन्द्र र सबै प्रदेशको जानकारी गर्न भिडियो कन्फ्रेन्स समेत सम्पन्न भएको छ ।



साप्ताहिक समाचारपत्रिका

बैशाख २१ गते आईतबार
अंक ८
वर्ष २



स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा ज्यूले गण्डकी अंचल आयुर्वेद औषधालयको स्थलगत अवलोकन र निरिक्षण गर्नुभएको छ । सो क्रममा उहाँले आयुर्वेद सेवाका कार्यक्रमहरु प्रभावकारी ढंगले संचालन गर्न निर्देशन प्रदान गर्नुका साथै विशेष अनुदान स्वरूप प्रदान गरिएको रकमको कार्यप्रगति र आगामी कार्ययोजनाका बारेमा जानकारी लिनुभएको थियो ।



**मिति २०७७/१/१७ गते........**



चिनिया अन्तर्राष्ट्रिय विभाग प्रमुखको उपस्थितिमा नेपालबाट पुर्व प्रधानमन्त्री माधवकुमार नेपालज्यू, उच्चस्तरीय समितिका संयोजक इश्वर पोखेलज्यू, सातै प्रदेशका प्रदेश प्रमुखज्यूहरु तथा विभिन्न प्रदेशका मुख्यमन्त्रीज्यूहरुको बीचमा भिडियो कन्फ्रेन्स बैठक सम्पन्न भएको छ । । बैठकमा गण्डकी प्रदेशबाट माननीय मुख्यमन्त्रीज्युका प्रमुख राजनितिक सल्लाहकारज्यू, गण्डकी प्रदेश सरकारका प्रमुख सचिवज्यू, प्रमुख न्यायाधिवक्ताज्यू र स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू समेत उपस्थित हुनुहुन्थ्यो ।

**साबुन पानीले हात मिचीमिची धोऔं ।**
**मास्क र स्यानीटाईजर को प्रयोग गरौं ।**



गोरखा वेलफेयर ट्रस्ट नेपालले पोखरा स्वास्थ्य विज्ञानप्रतिष्ठानलाई PPE, Infrared Thermometer, N95 Mask लगायतका व्यक्तिगत सुरक्षा सामाग्रीहरु हस्तान्तरण गरेको छ यसैगरी उक्त संस्थाले प्रतिष्ठानको प्राङ्गणमा WASH संग सम्बन्धित सामाग्रीहरुको स्थापना गरिदिएको छ ।



गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रको आ.ब. २०७७/७८ को नीति तथा कार्यक्रम सम्बन्धि स्वास्थ्य निर्देशनालयमा छलफल सम्पन्न भएको छ कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशक, स्वास्थ्य आपूर्तिव्यवस्थापन केन्द्रका निर्देशक, सामाजिक विकास मन्त्रालयक महाशाखा प्रमुखहरु लगायत उपस्थित हुनुहुन्थ्यो । आज कोभिड - १९ रोकथाम, नियन्त्रण र उपचारको लागि जनशक्ति तथा आपुती परिचालन समितिको बैठक समपन्न भएको छ । समितिका संयोजक डा। तारानाथ पोखेलज्यूले गण्डकी प्रदेशमा कोभिड - १९ संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनमा हालसम्म भए गरेका गतिविधिबारे जानकारी गराउनुभयो । बैठकले आगामी दिनमा हाल देखिएका कमजोरी र गतिरोधलाई कम गर्दै प्रभावकारी रुपमा कोभिड - १९ नियन्त्रण, रोकथाम र व्यवस्थापन कार्य अगाडी बढाउने निर्णय गरेको छ । साथै Disinfection Tunnel को प्रयोग बारे मापदण्ड बनाउनु पर्ने र त्यसको बारेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रलायसंग समन्वय गर्ने निर्णय समेत उक्त बैठकले गरेको छ । बैठकमा स्वास्थ्य निर्देशकज्यू, आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकज्यू, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुखज्यूहरु, लगायत उपस्थित हुनुहुन्थ्यो ।

**मिति २०७७/१/१८ गते.......**

गण्डकी प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय नरदेवी पुन मगर ज्यूको प्रमुख आतिथ्यतामा स्वास्थ्य निर्देशनालयका निर्देशक डा। विनोद विन्दु शर्मा, प्रदेश स्वास्थ्य आपूर्ति ब्यबस्थापन र स्वास्थ्य तालिम केन्द्रका निर्देशक श्री खिम बहादुर खड्का, सामाजिक विकास मन्त्रालयका विभिन्न शाखा प्रमुखहरुको उपस्थितिमा आ।ब। २०७७र७८ को नीति तथा कार्यक्रमका बारेमा आज सामाजिक विकास मन्त्रालयमा छलफल कार्यक्रम सम्पन्न भएको छ ।







**साबुन पानीले हात मिचीमिची धोऔं ।**
**मास्क र स्यानीटाईजर को प्रयोग गरौं ।**





पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थित प्रयोगशालामा मा भैरहेको पी.सी.आर परिक्षणको विवरण र सूचनालाई व्यवस्थित गर्न प्रदेश जनस्वास्थ्य प्रयोगशालाले Dolphin नामक Laboratory Information System (LIS) सूचना व्यवस्थापन प्रणाली (अनलाइन सफ्टवेयर) को निर्माण गरेको छ। नमूना संकलन गरेदेखि परिक्षण गरि परिणाम भण्डारण गर्ने र प्रमाणित गरि सरोकारवालाहरुलाई वितरण गर्न समेत उक्त सफ्टवेयरको प्रयोग गर्न सकिनेछ।



**मिति २०७७/१/१८ गते.......**



गण्डकी प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय नरदेवी पुन मगर ज्यूको प्रमुख आतिथ्यतामा स्वास्थ्य निर्देशनालयका निर्देशक डा। विनोद विन्दु शर्मा, प्रदेश स्वास्थ्य आपूर्ति व्यबस्थापन र स्वास्थ्य तालिम केन्द्रका निर्देशक श्री खिम बहादुर खड्का, सामाजिक विकास मन्त्रालयका विभिन्न शाखा प्रमुखहरुको उपस्थितिमा आ।ब। २०७७र७८ को नीति तथा कार्यक्रमका बारेमा आज सामाजिक विकास मन्त्रालयमा छलफल कार्यक्रम सम्पन्न भएको छ ।



गोरखा वेलफेयर ट्रस्टका प्रतिनिधिहरुसंग स्वास्थ्य निर्देशनालयका निर्देशक डा.विनोद विन्दु शर्माले पानी, सरसफाई र स्वच्छता (WASH) को विषयमा छलफल गर्नु भएको छ । ट्रस्टले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ह्यान्ड वाशिंग स्टेशन र स्वास्थ्य सुरक्षा सामाग्रीहरु सहयोग गरेको छ भने धौलागिरी अस्पतालमा समेत ह्यान्ड वाशिंग स्टेशन र स्वास्थ्य सुरक्षा सामग्री सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । बेनी प्रवेश नाका र बेनी अस्पतालमा स्यानीटाईजर टनेलको निर्माण गरि संचालनमा आएको छ ।





Health Cluster Coordination Group को भर्चुअल बैठकमा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माले गण्डकीप्रदेशको पूर्वतयारी र प्रतिकार्यको बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो । बैठकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उपचारात्मक सेवा माहाशाखा प्रमुख डा. तारानाथ पोखेल, मदनकुमार श्रेष्ठ, सुदिप आले, विश्व स्वास्थ्य संगठनका डा. राजीव लालचन, भानु यांगदेन र डा. रामु शर्मा लगायत उपस्थिति हुनुहुन्थ्यो ।




लमजुङमा एम्बुलेन्स पार्टिसन गर्ने र अक्सिजन सिलिन्डर राख्ने काम सम्पन्न भएको छ भने कोभिड - १९ नियन्त्रण र व्यवस्थापनका लागि लमजुङ जिल्ला सामुदायिक अस्पतालले गरेको तयारी बारे माननीय देव गुरुङले अस्पताल पुगी जानकारी लिनुभएको छ ।



**मिति २०७७/१/१९ गते.......**



गण्डकी प्रदेश सरकार, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा र सामाजिक विकास मन्त्रालयका अस्पताल विकास महाशाखा प्रमुख डा. रामबहादुर के.सी. ले लेखनाथ लायन्स सामुदायिक अस्पतालको व्यवस्थापन समितिका पदाधिकारीहरुसंग छलफल तथा बैठक गर्नुभएको छ । अस्पताललाई प्रदेश सरकारको मातहत ल्याई हाललाई कोभिड - १९ उपचार व्यवस्थापन अस्पतालको रुपमा विकास गर्दै नयाँ सेवा सुविधाको विस्तार गर्ने र स्तरोन्नति गर्ने विषयमा उक्त बैठकमा छलफल भएको थियो ।

बैठकमा निम्न ७ वटा बुँदामा बुँदागत रुपमा छलफल भएको थियो भने दाताले प्रदान गरेको जग्गाको अनुगमन का साथै उपयोगिताको बारेमा पनि बहस भएको थियो ।

- ☒ सर्वस्वदाताहरुको बारेमा गण्डकी प्रदेश सरकारले शेषसम्मका लागि सोच्नुपर्ने ।
- ☒ दाताहरुको फोटो र शिलालेख स्थापना गर्नुपर्ने ।
- ☒ मौज्दात सम्पत्ति तथा दायित्व हस्तान्तरण गरिनुपर्ने ।
- ☒ हाल प्रदान भैरहेको सेवालाई अझै बिस्तार गरिनुपर्ने ।
- ☒ साविक लेखनाथवासिले पाउने सेवालाई बढाउने ।
- ☒ हाल कार्यरत जनशक्तिको व्यवस्थापन ।
- ☒ रोजगारमा स्थानीयवासीले प्राथमिकता पाउनुपर्ने ।
- ☒ अस्पतालको नामकरणका बारेमा ।
- ☒ विविध ।

**मिति २०७७/१/२१ गते.......**



स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माको उपस्थितिमा आ.व. २०७६/७७ का वार्षिक कार्यक्रमका बारेमा समिक्षा हुनुका साथै यसै आर्थिक वर्ष भित्र कोभिड- १९ र अन्य संक्रामक रोग संग सम्बन्धित रहेर गरिने कार्यक्रमहरुको बारेमा योजना निर्माण गर्नको लागि बैठक सम्पन्न भएको छ ।



स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा र कोभिड - १९ को संक्रमण तथा व्यवस्थापनका लागि स्थापित एम्बुलेन्स व्यवस्थापन समितिका संयोजक लगायत प्रतिनिधिहरुका बीचमा विविध विषयमा छलफल भएको छ ।



काठमाडौँबासी म्याग्देलीहरूबाट म्याग्दी जिल्लाका लागि विभिन्न स्वास्थ्य सुरक्षा सामाग्री प्रमुख जिल्ला अधिकारी मार्फत हस्तान्तरण गरिएको छ ।

## मापदण्ड तथा निर्देशिकाहरू:

| क्र.स. | मापदण्ड तथा निर्देशिकाहरू | URL |
|---|---|---|
| १. | कोभिड-१९ महामारीको सन्दर्भमा कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका, २०७६ | Download |
| | १.१ कोभिड-१९ क्लिनिक संचालन सम्बन्धी कार्यविवरण | Download |
| २. | Infection Prevention and Control (IPC) when COVID-19 is suspected | Download |
| ३. | Interim Clinical Guidance for Care of Patients with COVID-19 in Health Care Settings | Download |
| ४. | COVID-19 SOP, Case Investigation and Tracing Form | Download |
| ५. | कोभिड-१९ को सन्दर्भमा व्यक्तिगत सुरक्षा सामग्री (पी.पी.इ) को प्रयोग सम्बन्धी निर्देशिका | Download |
| ६. | कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी सम्क्षिप्त कार्यविधि - २०७६ | Download |
| ७. | कोभिड-१९ का विरामीलाई अस्पताल पुर्याउनको निम्ति तयार पारिएको निर्देशिका | Download |
| ८. | Clinical approach to a patient with suspected COVID-19 | Download |
| ९. | नोभल कोरोना भाईरस रोग (COVID-19) परिचय (स्वास्थ्यकर्मीहरुको लागी हाते पुस्तिका) | Download |
| १०. | Protocol for ILI Clinics (COVID-19 Screening Fever Clinics) | Download |
| ११. | Flow Diagram for testing people in quarantine for COVID-19 | Download |
| १२. | Wondfo SARS-CoV-2 Antibody Procedure | Download |
| १३. | क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको कोभिड-१९ को नमुना संकलन सम्बन्धी निर्देशिका | Download |
| १४. | Flow Diagram for testing returnees for COVID-19 (RDT or PCR) | Download |
| १५. | कोरोना भाइरस सम्बन्धी क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ | Download |
| १६. | Interim Pocket Book of Clinical Management of COVID-19 in Healthcare Setting | Download |
| १७. | कोभिड-१९ रोगको महामारीका समयमा आयात विन्दुमा अपनाउनुपर्ने सुरक्षा विधि | Download |
| १८. | Interim Guideline for the Establishment and Operationalization of Molecular Laboratory for COVID-19 Testing in Nepal | Download |
| १९. | कोभिड-१९ व्यवस्थापनमा गैर सैनिक हवाईसाधन परिचालन सम्बन्धी मापदण्ड | Download |



# प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश पोखरा, नेपाल

फोन नं: ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०


# (COVID-19) सम्बन्धि संक्षिप्त जानकारी
**प्रकासन मिति: २०७७-०१-२१ गते**

| जिल्ला | | क्वारेन्टाइन | | | आइसोलेसन | | फिवर क्लिनिक | | विदेशबाट आएका | RDT test | संकलित नमुना | संक्रमण नदेखिएको | संक्रमण देखिएको | नतिजा आउन बाँकि | निको भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | बेड | बसेका | बेड संख्या | बसेका | संख्या | बिरामी | | | | | | | |
| मुस्ताङ | नयाँ | विवरण उपलब्ध छैन। | | | | | | | | | | | | | |
| | जम्मा | 12 | 97 | -4 | 3 | 0 | 3 | 0 | 19 | 20 | 7 | 6 | 0 | 1 | 0 |
| मनाङ | नयाँ | विवरण उपलब्ध छैन। | | | | | | | | | | | | | |
| | जम्मा | 14 | 185 | 89 | 7 | 0 | 81 | 1803 | 5 | 41 | 5 | 4 | 0 | 1 | 0 |
| म्याग्दी | नयाँ | 0 | 26 | 16 | 0 | 0 | 0 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | जम्मा | 30 | 357 | 213 | 6 | 0 | 2 | 336 | 182 | 151 | 14 | 14 | 0 | 0 | 0 |
| वाग्लुङ | नयाँ | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | जम्मा | 32 | 251 | 9 | 16 | 0 | 15 | 21289 | 840 | 1127 | 63 | 61 | 2 | 0 | 2 |
| पर्वत | नयाँ | 0 | 0 | -3 | 0 | 1 | 3 | 169 | 0 | 15 | 0 | 0 | 0 | 0 | 0 |
| | जम्मा | 96 | 251 | 29 | 20 | 7 | 72 | 8647 | 364 | 367 | 79 | 79 | 0 | 0 | 0 |
| स्याङ्जा | नयाँ | 0 | 0 | 21 | 0 | 0 | 0 | 0 | 0 | 77 | 4 | 0 | 0 | 4 | 0 |
| | जम्मा | 30 | 626 | 215 | 0 | 0 | 16 | 54487 | 462 | 659 | 107 | 79 | 0 | 28 | 0 |
| तनहुँ | नयाँ | विवरण उपलब्ध छैन। | | | | | | | | | | | | | |
| | जम्मा | 25 | 181 | 31 | 42 | 0 | 8 | 1348 | 848 | 591 | 24 | 22 | 0 | 2 | 0 |
| नवलपुर | नयाँ | 2 | 0 | -2 | 3 | 0 | 0 | 449 | 0 | 3 | 0 | 0 | 0 | 0 | 0 |
| | जम्मा | 60 | 867 | 21 | 16 | 0 | 55 | 7525 | 918 | 816 | 6 | 6 | 0 | 0 | 0 |
| गोरखा | नयाँ | 6 | 32 | 10 | 0 | 0 | 0 | 1137 | 0 | 8 | 0 | 0 | 0 | 0 | 0 |
| | जम्मा | 54 | 407 | 42 | 27 | 0 | 134 | 19211 | 435 | 653 | 28 | 28 | 0 | 0 | 0 |
| कास्की | नयाँ | विवरण उपलब्ध छैन। | | | | | | | | | | | | | |
| | जम्मा | 10 | 305 | 10 | 0 | 0 | 43 | 2916 | 774 | 772 | 16 | 16 | 0 | 0 | 0 |
| लमजुङ | नयाँ | 0 | -10 | 19 | 0 | 0 | 0 | 0 | 0 | 5 | 0 | 0 | 0 | 0 | 0 |
| | जम्मा | 74 | 981 | 129 | 18 | 0 | 3 | 2355 | 288 | 240 | 90 | 90 | 0 | 0 | 0 |
| **जम्मा** | **नयाँ** | **8** | **48** | **61** | **3** | **1** | **4** | **1758** | **0** | **108** | **4** | **0** | **0** | **4** | **0** |
| | **जम्मा** | **437** | **4508** | **784** | **155** | **7** | **432** | **119917** | **5135** | **5437** | **439** | **405** | **2** | **32** | **2** |